परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२४ •२०७९ साल माघ १२ बिहिबार •(26 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## प्रधानमन्त्री प्रचण्डले फकाएपछि अब्दुल खानले सम्हाले खानेपानी मन्त्रालय



टक नेपाल, काठमाडौं । उद्योग र कृषि मन्त्रालयमध्ये एक मन्त्रालय नपाए सरकारमा नजाने अडान राख्दै आएको जनमत पार्टी अन्ततः सरकारमा भाग लएको छ । बुधबार जनमत पार्टीका सांसद अब्दुल खानले खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् । सिंहदरबारस्थित कार्यालयमा पुगेर बुधबार पदभार ग्रहण गरेका खानले नचाहँदा नचाहँदै पनि खानेपानी मन्त्रालय सम्हाल्नु परेको बताएका छन् । साथै, सरकार र पार्टीबीचमा कुरा नमिल्दा मन्त्रालय ढिलो सम्हालेको पनि उनले भनेका छन् । विशेषगरी प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, खानेपानी मन्त्रालयका सचिवको अनुरोधमा मन्त्रालय सम्हाल्न बाध्य भएको पनि उनले पदभार ग्रहणका क्रममा भने । उद्योग र कृषि मन्त्रालय नदिए सरकारमा नजाने अडान राखेको जनमतले पछिल्लो समय एमालेले पाएको उद्योग मन्त्रालय र आफूले पाएको मन्त्रालय साटफेर गर्ने पनि एक खाले सहमति भएको थियो । तर, उक्त सहमति पनि लागू नभएपछि जनमत बाध्य भएर खानेपानी मन्त्रालय नै सम्हाल्न आइपुगेको छ । खासमा जनमत आफ्नो अडानबाट पछि किन हट्यो त ? यसबारे पनि खानेपानी मन्त्रालयको पदभार ग्रहण गरेका मन्त्री खानले स्पष्ट पारेका छन् । उनले बताएअनुसार प्रधानमन्त्री प्रचण्डले राम्रो काम गरे सरकार बलियो हुने र जनतामा पुगेपछि अन्य कामहरु गर्न सकिने भन्दै फकाएका थिए । विशेषगरी अन्य मन्त्रालयजस्तै खानेपानी मन्त्रालयले पनि गर्नुपर्ने धेरै कामहरु रहेको र खानेपानीमा बग्रेल्ती समस्या रहेको छ भन्दै प्रधानमन्त्री प्रचण्डले खानलाई सम्झाइ बुझाइ गरेको थिए । प्रचण्डले खानेपानीसम्बन्धी समस्या र यसका चुनौती समाधान गर्ने विषयमा फकाएपछि खान पानी मन्त्रालय सम्हालेको उनको भनाइमा बुझिन्थ्यो । प्रधानमन्त्री प्रचण्डले फकाएपछि खानेपानी मन्त्रालय सम्हालेका मन्त्री खानले अब खाने पानी क्षेत्रमा देखिएको समस्या समाधान गर्ने गरि काम गर्ने बताएका छन् । उनका अनुसार अब द्रुत गतिमा काम गरिनेछ ।

# ‘फरार’ सांसद साँच्चै फरार भए

टक नेपाल, काठमाडौं । हत्या अभियोगमा थुनामा परेर छुटेका फेरि थुनामै राख्न आदेश भएका एक सांसद पक्राउ पर्ने सम्भावना थियो । उनी काठमाडौंमै थिए । सांसदको शपथ लिने र प्रधानमन्त्रीलाई विश्वासको मत दिने दिन पनि उनी संसद भवन प्रवेश गरे । फरार अभियुक्त संसद भवन प्रवेश गरेको तर पक्राउ नपरेको विषयमा प्रश्न उठेको भोलिपल्टै गृहमन्त्रीले भने - फरार सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न निर्देशन दिइ सकेको छु । गृहमन्त्रीले नै पक्राउ गर्न निर्देशन दिएको खबर सांसद महतोले थाहा नपाउने कुरै भएन । गृहमन्त्रीको त्यो अभिव्यक्तिल महतोलाई भाग्नू भन्ने संकेत गर्‍यो । नभन्दै उनी फरार भए । अहिले फेरि गृहमन्त्रालय आफैं भनिरहेको छ - प्रहरीले अभियुक्त पक्रेन । हामीलाई प्रहरीले टेरेन ।

***– तथ्य के हो त ?***

सशस्त्र प्रहरीका असई थमन विक हत्यामा मुछिएका सांसद लक्ष्मी महतो कोइरी पुस २६ मा प्रधानमन्त्रीलाई विश्वासको मत दिन संसद पुगे । पुस २७ मा गृहमन्त्रीले सार्वजनिक रुपमै सांसद कोइरीलाई पक्राउ गर्न निर्देशन दिइ सकेको खुलासा गरे । गृहमन्त्रीको त्यस्तो खुलासाले कानुनको नजरमा फरार सांसदलाई ‘व्यवहारिक रुपमै फरार हुनू’ भन्ने संकेत मिल्यो । गृहमन्त्रीले नै पक्राउ गर्न निर्देशन दिइसकेको सूचना पाएपछि कोइरी सम्पर्कविहीन भए । कोइरी सम्पर्कविहीन भएको निश्चित भइसकेपछि गृह मन्त्रालयले माघ ६ गते एक विज्ञप्ति निकाल्दै भन्यो, ‘गृहमन्त्रीज्यूबाट प्रहरीलाई पटकपटक मौखिक निर्देशन भएकोमा हालसम्म महतो पक्राउ नपरेको प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।’ गृहले सांसद कोइरीलाई पक्राउ गर्न प्रहरीले अटेर गरेको आसय झल्किने गरी जारी गरेको थियो । कुनै आरोपीलाई नियन्त्रणमा लिनु पर्दा त्यस्ता संदीग्धलाई प्रहरीले पक्राउको पूर्वसूचना दिने गर्दैन । नियन्त्रणमा लिनु पर्ने व्यक्ति रहेको स्थानको रेकी गर्ने, गोप्य रुपमा पुग्ने र नियन्त्रणमा लिने विधि प्रहरीको हुन्छ । तर सांसद महतोको केसमा



गृहमन्त्रीले सूचना चुहाइदिँदा उनी फरार भए । यस विषयमा नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल गृहमन्त्री लामिछाने पनि दोषी रहेको बताउँछन् । उनका अनुसार त्यो खेलमा गृहमन्त्री पनि सामेल रहेका छन् । उनी भन्छन्, ‘त्यो खेलमा उहाँ पनि सामेल हुनुहुन्छ । प्रहरी वृत्त जसरी बदनाम भइरहेको छ, राजनीतिक वृत्तले मात्र नभइ ठूला पार्टीका व्यक्तिहरु पनि जिम्मेवारी हुनुहुन्छ ।’ २०७७ साल मंसिर १९मा उच्च अदालत जनकपुरले सांसद महतोलाई समेत थुनामै राखेर मुद्दा पुर्पक्ष गर्न आदेश जारी गरेको थियो । त्यसयता महतो पक्राउ परेनन्, उल्टो उनी राजनीतिमा बढी सक्रिय भए । वारेसमार्फत प्रतिनिधिसभा सदस्यका रुपमा आफ्नो उम्मेदवारी दर्ता गराए र महोत्तरी १ बाट विजयी पनि भए । यसबीच सत्तारुढ राजनीतिक दलका सांसद भएका कारण कोइरी पक्राउ नपरेका हुन् कि ? गृहमन्त्रीले संसदमा आउँदा पनि कोइरीलाई नदेखेर पक्राउ नगरेका हुन् भन्दै नेपाली कांग्रेसका सांसदहरुले प्रश्न गरेका थिए । सांसदहरुको प्रश्नको जवाफमा अमूर्त जवाफ दिँदै आएका गृहमन्त्री रवि लामिछानेले मंगलबार संसदमा पनि केही घुमाउरो जवाफ दिए । उनले फरार सांसदको प्रशंग समेत जोडेर बन्द क्रसर उद्योग, अधिकारकर्मीको आन्दोलन आदि विषयमा परिणाम आउने गरी गृहमन्त्रालयले काम गरिरहेको जवाफ दिएका छन् । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले भने गृह मन्त्रालयमा प्रणालीगत सुधारको काम भइरहेको र विगतमा राज्यका संयन्त्र बिगारिएका कारण सुधारका लागि केही समय लाग्ने बताएका छन् । फरार सांसद कोइरी पुस ७ मा पनि सांसदका रुपमा शपथ लिन संसद भवन प्रवेश गरेका थिए । असई विकको हत्यामा २८ व्यक्ति मुछिएका छन् । ती मध्ये केही थुनामा छन् भने केहीलाई अदालतले साधारण तारेखमा छाडेको छ । सांसद महतोलाई चाहिँ जिल्ला अदालत महोत्तरीले १ लाख धरौटीमा छाडेको थियो । जिल्ला अदालत महोत्तरीले पवन कापड, सञ्जय साह, प्रदीप साहलगायतलाई पुर्पक्षकालागि कारागार पठाएको थियो । अभिराम शर्मा, रामशंकर मिश्र, सुरेश पाण्डे, लक्ष्मी महतोलगायत जिल्लामा मुद्दा विचाराधीन भएकै अवस्थामा राजनीतिमा सक्रिय भए । यहि बीच अभिराम शर्मा मधेस प्रदेशको अघिल्लो कार्यकालमा सांसद तथा सामाजिक विकास राज्यमन्त्री बने । रामशंकर मिश्र जलेश्वर नगरपालिकाको मेयर बने । सुरेश पाण्डे राष्ट्रिय जनता पार्टी नेपालको महासचिव भए । कौशलकुमार यादव पनि मधेस प्रदेशका सांसद बने ।



# नेपाल आयल निगमले भन्यो:पेट्रोलियम पदार्थ खुला रुपमा बेचे कारबाही हुन्छ




टक नेपाल, काठमाडौँ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थ खुला रुपमा नबेच्न आग्रह गरेको छ। निगमले एक विज्ञप्ति जारी गर्दै पेट्रोल पम्पबाट सवारी साधनमा सिधै भर्ने बाहेक खुल्ला रुपमा पेट्रोलियम पदार्थ बिक्री वितरण नगर्न आग्रह गरेको हो। निगमले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अति प्रज्वलनशील पेट्रोलियम पदार्थ खुल्ला रुपमा बोतल, जर्किन लगायतका भाँडामा बिक्री वितरण, असुरक्षित ओसारपसार तथा घर, पसलमा भण्डारण गर्दा आगलागी र मानवीय एवं भौतिक क्षति समेत हुने संवेदनशील विषय भएकोले पेट्रोल पम्पबाट सवारी साधनमा सिधै भर्ने बाहेक खुल्ला रुपमा पेट्रोलियम पदार्थ बिक्री वितरण नगर्नु/नगराउनु हुन सूचित गरिन्छ।' जिल्ला प्रहरी परिसर, काठमाडौंले पेट्रोलियम पदार्थको सुरक्षित बिक्री वितरण सम्बन्धमा मिति २०७९/१०/११ गते सूचना समेत प्रकाशित गरेकाले सोही अनुसार गर्न पनि निगमले आग्रह गरेको छ। सुरक्षा संवेदनशीलतालाई अवज्ञा गरी खुल्ला रुपमा बोतल, जर्किन लगायतका भाँडामा पेट्रोलियम पदार्थको बिक्री वितरण गरेको पाइएमा कारबाही हुने निगमले जनाएको छ।

# जनता राष्ट्रिय अधारभुत विद्यालयको व्यवस्थापनको अध्यक्षमा महतो चयन




टक नेपाल, महोत्तरी । महोत्तरीको गौशाला नगरपालिका -१०, बटौवा गाउँस्थित जनता राष्ट्रिय अधारभुत(०-४) विद्यालयको व्यवस्थापन समिति गठन भएको छ। विद्यालयमा मंगलवार भएको अविभावक भेलामा वडा अध्यक्ष बिष्णु कुमार महतोको अध्यक्षतामा, नगर शिक्षा अधिकृत संजय कुमार सिंह लगायत बुद्धिजीवी, शिक्षा प्रेमी,चन्दादाता, समाजसेवी तथा बिधालयका शिक्षाहरुको उपस्थितमा राज नारायण महतो लाई बिधालय ब्यबस्थापन समितिको अध्यक्ष पदमा सर्वसहमतीले चयन गरेको हो । चयन गरिएको ९ सदस्यीय व्यवस्थापन समितिको अन्य सदस्यहरुमा योगेन्द्र मण्डल, बिधालयबाट प्रध्यापक सदस्यमा अमृता कुमारी यादव, शिक्षा प्रेमीबाट एक जना सदस्यमा दिलिप कुमार राउत लगायत रामभजन महतो,चयन देवी,कविता कुमारी महतो, सविन्द्र मण्डल,मरनी देवी दास रहेका छन् ।

# एप्पल वाचले बचायो गर्भवती महिलाको ज्यान, यो फिचर बन्यो 'वरदान'




टक नेपाल, काठमाडौँ । एप्पल वाचका कारण ज्यान बचेको खबरहरु अहिले लगातार आइरहेका छन् । एप्पल वाचमा धेरै सुविधाहरू दिइएको छ, जसले प्रयोगकर्ताको मुटुको धड्कन बढेको, जमिनमा खसेको वा अन्य अवस्था देखाउँछ। अब एउटा नयाँ रिपोर्ट अनुसार एप्पल वाचले गर्भवती महिलाको ज्यान बचाएको छ। अमेरिकाको निवासी जेसी केलीले आफ्नो र छोरीको ज्यान बचाएकोमा एप्पल वाचलाई धन्यवाद दिएको एक रिपोर्टमा उल्लेख छ । समाचार एजेन्सी क्ष्ब्ल्क को रिपोर्ट अनुसार एप्पल वाचले महिलालाई असामान्य हृदय गतिको बारेमा अलर्ट गर्यो । सुरुमा, जेसी केलीले एप्पल वाचबाट प्राप्त अलर्टहरूलाई बेवास्ता गरे । एप्पल वाचले महिलालाई लगातार १२० बीट्स प्रति मिनेट भन्दा बढी बढेको अलर्ट दिइरहेको थियो, जबकि उनले कुनै पनि किसिमको शारीरिक गतिविधि पनि गरेकी थिइनन् । तर, स्मार्टवाचको निरन्तर अलर्टपछि महिलाले केही गडबड भएको महसुस गरिन् । स्मार्टवाचले महिलालाई लगातार चेतावनी दिइरहेको थियो। यसपछि उनले अस्पताल जाने निर्णय गरिन् । अस्पतालमा उनलाई भनियो कि उनी प्रसव पिडामा थिइन् र गर्भावस्थाको जटिलताको अनुभव गरिरहेकी थिइन् जसलाई प्लेसेन्टल एब्रप्शन भनिन्छ । उनको रक्तचाप घट्दै थियो र रगत पनि घट्दै थियो । एप्पल वाचका कारण उनी ठीक समयमा अस्पताल पुग्न सक्षम भइन्। जेसी केलीले शेल्बी मारी नामको एक स्वस्थ बच्चालाई जन्म दिइन्। उनले एप्पल वाच अलर्टमा ध्यान दिन मानिसहरूलाई पनि आग्रह गरिन्। एप्पल वाचमा बिल्ट-इन अप्टिकल हार्ट रेट सेन्सर दिइएको छ । यस कारणले, मुटुको दर मापन दिनभर जारी रहन्छ, विशेष गरी जब तपाइँ कसरत गर्दै हुनुहुन्छ । यसबाहेक एप्पल वाचमा स्वास्थ्यसँग सम्बन्धित धेरै फिचर्स दिइएको छ ।

# नेपाल टी–२० लिगसम्बन्धी सम्झौता तत्काल खारेज गर्न छानबिन समितिको सुझाव



टक नेपाल, काठमाडौँ । नेपाल टी-२० लिगमा भएको अनियमितता छानबिन गर्न गठन गरिएको कार्यदलले आफ्नो प्रतिवेदन राष्ट्रिय खेलकुद परिषद्लाई बुझाएको छ । कार्यदलले परिषद् अध्यक्ष टङ्कलाल घिसिङलाई प्रतिवेदन बुझाएको हो । कार्यदलले प्रचलित ऐन, नियम बमोजिम प्रक्रिया नपुऱ्याई गरिएको नेपाल टी-२० लिगसम्बन्धी सम्झौता तत्काल खारेज गर्न वाञ्छनीय भएको ठहर गरेको छ । नेपाल क्रिकेट सङ्घका सरोकार पक्षहरूबाट नेपाल टी-२० लिग आयोजनाको क्रममा साझेदार विदेशी कम्पनीसँगको सम्झौता लगायतका विषयमा प्रचलित ऐन, नियम तथा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २८ मा भएको सर्त र दफा ४४ को उपदफा (२) मा भएको व्यवस्थाको पालना भएको नदेखिएकोले सम्बन्धित पक्षलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ मा भएको व्यवस्था आकर्षित हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसै गरी, नेपाल टी-२० लिग प्रतियोगितामा शङ्कास्पद एवं अस्वाभाविक गतिविधिका कारण फिक्सिङ हुने सम्भावनाका विषयमा अनुसन्धान गर्ने आधिकारिक निकाय नेपाल प्रहरीको सीआईबीबाट भइरहेको अनुसन्धानबाट प्राप्त निष्कर्षको आधारमा दोषी माथि प्रचलित कानुन एवं राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३३ बमोजिम हुने कारबाहीमा आवश्यक सहयोग पुऱ्याउने पनि बताइएको छ । कार्यदलको प्रतिवेदन माथि सरोकारवाला निकाय एवं अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) सँग आवश्यक छलफल र समन्वय गर्न सकिने कार्यदलले सुझाव दिएको छ ।


## लिङ्ग छनोट गरि गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभदे गरी सन्तान जन्माउने कार्य नगरौ, नगराऔ ।
- प्रवधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो ।, त्यसता कार्य गर्नु वा गराउनु हुदैन् ।
- चिकित्सक समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाइ मर्यादित बनाऔ ।
- विभेद रहित समाजको निर्माण गरौ ।

स्वास्थ्य कार्यालय महोत्तरी


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | खानपिनको परिकारले मन लोभ्याउनेछ। | तुला | मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। |
| बृष | विशेष सामाजिक कृत्यमा सहभागीको अवसर मिल्नेछ । | वृश्चिक | आज सानातिना समस्यामा अल्झिनुपर्ने देखिन्छ। |
| मिथुन | रचनात्मक कार्यमा मन जानेछ। | धनु | कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ। |
| कर्कट | मित्रहरूले दिएको वचन फेरिन सक्छ। | मकर | आज शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह | आज नयाँ योजना र अवसर आउनाले मन प्रसन्न र हनेछ। | कुम्भ | आज आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। |
| कन्या | आज धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। | मीन | आज प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## ....सम्पादकीय

# आर्थिक उन्नयन

मुलुकको अर्थतन्त्र 'चारानाको मुर्गा पकाउन बारानाको मसला' खर्च गरे जस्तो छ। देशले १ सय ४१ मुलुकसँग व्यापार गर्छ। नेपालको १ सय १३ मुलुकसँगको व्यापार घाटामा छ। सबै भन्दा धेरै व्यापार नेपालले भारतसँग गर्छ। यसमा पनि व्यापारमा घाटा बढी छ। बितेको ६ महिनामा भारतसँग ४ खर्ब २८ अर्ब रुपियाँ घाटा छ। खासमा नेपाल जस्तो सानो मुलुकले निर्यात गरेको वस्तुबाट व्यापारमा नाफा गर्न सक्नुपर्ने हो। नेपालबाट भारतमा गएको वस्तु ५७ अर्ब ८४ करोड रुपियाँको मात्र छ। भारतबाट यही अवधिमा भने ४ खर्ब ८६ अर्ब ३३ करोड रुपियाँको वस्तु आयात भएको छ। खासमा नेपाल भारतको एकाधिकार बजार बनेको छ। भारतीय उत्पादनका वस्तु नेपाली बजारमा सहज प्रवेश पाउँछन्। नेपालले त्यस्तै सुविधा पाउँदैन। नेपाली वस्तु र सेवाका निम्ति उदारतापूर्वक भारतले बजार खुला गरिदिने हो भने स्थिति बदलिन सक्छ। तर त्यो उदारताको अभाव देखिन्छ। नेपाली सडकमा भारतीय उत्पादनका मोटरदेखि मोटरसाइकलसम्म गुडिरहेका छन्। त्यसका निम्ति चाहिने पेट्रोलियम पदार्थका निम्ति पनि नेपाल भारतमै निर्भर छ। नेपालले भारतीय उत्पादनका वस्तुलाई सहज पहुँच दिएको छ भने नेपालले चाहिँ आफ्ना उत्पादन उसको बजारमा सहजै पुग्न सक्ने वातावरण सिर्जना गर्न सकेको छैन। नेपालले निर्यात गर्ने वस्तुलाई भारतले सहज पहुँच दिने हो भने अर्थतन्त्र सुधारमा सहयोग पुग्छ। त्यही माग नेपालले चीनसँग पनि गर्न सक्छ। वास्तवमा दुई ठूला मुलुकको बजारमा नेपालले पहुँच पाउने हो भने नेपाली उत्पादनले रातारात यहाँको अर्थतन्त्र सुधार हुन्छ। यहाँबाट गुणस्तरीय वस्तु निर्यातका निम्ति प्रतिस्पर्धात्मक क्षमता बढाउनुको विकल्प छैन। नेपाललाई माया गर्ने मुलुक संसारभरि छन्। ती मुलुकमा नेपाली वस्तु निर्यात गरी नेपालको अर्थतन्त्रलाई बलियो बनाउन कुनै कुराले नरोक्नुपर्ने हो। तर त्यसका निम्ति नेपाली संस्थापन पक्षले कहिल्यै प्रयास गरेको छैन। हाम्रा वस्तु खरिद गरिदिए अन्य सहयोग नभए पनि मुलुक अगाडि बढ्न सक्छ। नेपालले भने आफूलाई चाहिने वस्तु घरभित्रै उत्पादन गर्न सक्छ। तर कृषिजन्य वस्तुका निम्ति पनि आयातमै निर्भर हुने गरेको देखिन्छ। चिनी उद्योगले समेत नेपाली किसानको उत्पादन उपयोग नगरी भारतबाट उखु ल्याउने गरेको देखिन्छ। नेपाली किसानलाई मर्का पार्ने गरी यहाँभित्रै नीति तय हुन्छ। आफ्ना कृषिजन्य वस्तुको उपभोग मात्र गरे पनि अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न सक्छ। आजको दिनमा कुनै पनि मुलुकको आयात रोक्न सकिँदैन।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# असहाय परिवारमा न्यानो पुऱ्याइँदै



टक नेपाल, महोत्तरी। जाडोमा आङ् ढाक्न नपाएका गरिब तथा असहायसम्म न्यानो पुऱ्याउने अभियान महोत्तरीमा जारी छ। जिल्ला विपद् व्यवस्थापन समितिको निणर्यले नेपाल रेडक्रस सोसाइटी महोत्तरी शाखाले गरिब तथा असहाय परिवारलाई न्यानो बाँड्ने अभियान चलाएको हो। पछिल्लोपटक बर्दिबास नगरपालिका-३, १० र ११ का चुरे काछ्का गरिब बस्तीका २४८ परिवारलाई हिजो सोमबार र आज बिहान फाइबरको सिरक बाँडिएको रेडक्रस महोत्तरी शाखाका सभापति दीपक मिश्रले जानकारी दिनुभयो। पुसको अन्तिम सातादेखि थालिएको यो अभियानमा यसअघि ५०० परिवारलाई न्यानो कम्बल, सिरक र लगाउने न्यानो लुगा पुऱ्याइएको छ। जिल्लाको सुदुर दक्षिणपश्चिमवर्ती सोनमा गाउँपालिका, सम्सी गाउँपालिका र मध्यवर्ती महोत्तरी गाउँपालिकाका बस्तीमा स्थानीयतह, प्रहरी र रेडक्रस स्थानीय उपशाखाको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिले न्यानो लुगा पुऱ्याएको हो। यसबीचमा मटिहानी-७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका ४० वटुक र मटिहानीकै सिमरदही बस्तीका ६० परिवारलाई न्यानो कम्बल र लगाउने न्यानो ज्याकेट पुऱ्याइसकिएको रेडक्रस महोत्तरी शाखाले जनाएको छ। यसैगरी मनराशिशवा नगरपालिकाको साँढा बस्तीका ५० असहाय परिवारलाई न्यानो कम्बल वितरण गरिएको छ। माघ दोस्रो साता चल्दै गर्दा पनि जाडो नघटेपछि न्यानो बाँड्ने अभियान जारी राखिएको जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताउनुभयो। 'हामीले स्थानीयतह, प्रहरी, प्रशासनिक इकाइहरु र बिभिन्न सामाजिक संस्थाहरुको सिफारिसमा न्यानो पुऱ्याइने परिवारको छनौट गर्ने गरेका छौं' जिल्ला विपद् व्यवस्थापन समितिले परिवार छनौट गर्ने प्रकृयाबारे स्पष्ट पार्दै सहायक प्रजिअ न्यौपानेले भन्नुभयो, 'जिल्लाका सबैतिरबाट प्राप्त सिफारिसका आधारमा न्यानो वितरण जारी राखिएको छ।' यसपालिको जाडोमा रेडक्रसका अतिरिक्त जिल्लाको परिकौलीस्थित नेपाली सेनाको रणभीमगण, बर्दिबास हेल्प फाउण्डेशन र स्थानीयतहमा कार्यरत बिभिन्न सामाजिक सङ्घ संस्थाले गरिब बस्तीमा न्यानो अभियान पुऱ्याउने क्रम जारी राखेका छन्। बर्दिबास हेल्प फाउण्डेशन महोत्तरीले बर्दिबास नगर क्षेत्रका छ वटा आधारभूत विद्यालयका १२० गरिब छात्रछात्रालाई एक लाख ८० हजार मूल्यका न्यानो लुगा प्रदान गरेको छ। बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयबाट विक्रम सम्वत् २०४९ को प्रवेशिका (तत्कालीन एसएलसी) परीक्षामा सहभागी भएकाहरुले संस्थागत रुपमा सामाजिक काम गर्न यो फाउण्डेशनको स्थापना गरेका हुन्। फाउण्डेशनले पछिल्ला तीन वर्षयता बर्सैनि बर्दिबास नगरक्षेत्रका अति विपन्न परिवारका छात्रछात्रालाई पठनपाठका लागि पूणर् छात्रवृति दिदै आएको छ। फाउण्डेशनबाट छात्रवृति पाउनेको सङ्ख्या हालसम्म १२० छ। यसैगरी जिल्लाको परिकौलीस्थित नेपाली सेनाको रणभीम गणले जिल्ला सदरमुकाम जलेश्वर र मटिहानी नगरक्षेत्रका बजारचोक र बस्तीहरुमा गत पुसको अन्तिम सातादेखि नै जाडोमा राहतका लागि ठाउँठाउँमा मुडा बालेर धुनी चलाएको छ। अत्यावश्यक कामले घर बाहिर निस्केका बटुवाहरुलाई सेनाका जवानले तातो चिया दैनिक ख्वाउँदै छन्। बाक्लो हुस्सुले अझै राम्ररी छाडी नसक्दा जाडो घटेको छैन। अझै चिसो स्यााठ लगातार बही रहेबीच जनजीवन कष्टकर रहँदा यी संस्थाले थालेका मानवीय कामले राहत थाले राहत अझै फराकिलो बन्दै जाने राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेल बताउनुहुन्छ। महोत्तरीमा पुस मध्ययता लगातार बाक्लो हुस्सुले डम्म ढाकेर लगातार चिसो स्याँठ बहँदैछ। माघ पहिलो सातासम्म घाम देख्न कैयौं दिन कुर्नु परेपनि दोस्रो साता लागे यता भने अलि अबेर गरेर घाम देखिन थालेपछि सर्वसाधारणले निकै राहत महसुस गरेका छन्।






# आज सरस्वती पूजा, विद्याकी देवीको पूजा गरिँदै



टक नेपाल, काठमाडौं । प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ । ऋतुहरूको राजा वसन्तको सुरुवात हुने दिन भएकाले आजको दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । वसन्त ऋतु आगमनको उपलक्ष्यमा राष्ट्राध्यक्षले वसन्तपुर गई वसन्त श्रवण गर्ने परम्परा छ। एकपटक ऋतुराज वसन्तलाई अन्य पाँच ऋतुले आठ/आठ दिनसम्म भेट गरेका थिए। पाँच ऋतुले गरी ४० दिन भेट गरेकाले वसन्त ऋतु सुरु हुने चैतकृष्ण प्रतिपदाभन्दा ४० दिनअघि माघ शुक्ल पञ्चमीकै दिन वसन्त पञ्चमी मनाउन थालिएको हो । यसै समयदेखि वसन्तराग गाउन थालियो। संगीत, कला, साहित्य र विद्याकी खानी सरस्वतीको आज विधिपूर्वक पूजा आराधना गरी स्तोत्र पाठ गरेमा पढ्न आउँछ भन्ने धार्मिक विश्वास छ। आजकै दिन साना बालबालिकालाई अक्षरारम्भ गराइन्छ। सरस्वतीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी नामले समेत सम्बोधन गरिन्छ। श्वेत वस्त्र धारण गरेकी, गोरो वर्णकी, सदा मुस्कुराइरहेकी, सर्वोत्तम रत्नद्वारा निर्मित आभूषणले सुशोभित भएकी, चतुर्भुजा भएकी जसमध्ये पहिलो हातमा वीणा, दोस्रोमा पुस्तक, तेस्रोमा स्फटिकको माला र चौथो हात अभय मुद्रामा रहेकी राजहंसमा सवार भएकी देवी सरस्वती हुन् भनी शास्त्रमा बताइएको छ । विशेषगरी शैक्षिक संस्थामा विद्यार्थीले महत्वका साथ यो पर्व मनाउँछन् । उपत्यकाका पशुपति जयवागेश्वरी, स्वयम्भूको सरस्वतीस्थान, लाजिम्पाटको नील सरस्वती, चाँगु, फर्पिङ, बल्खु, हाँडीगाउँ, लेलेको सरस्वती मन्दिरमा पूजा एवम् दर्शन गर्नेको भीड लाग्दछ। भक्तपुरको हनुमन्ते खोलाको पूर्वपट्टि चौरमा सरस्वती बस्ने विश्वास गरिन्छ । ल्हासाबाट मूर्ति ल्याइएको यी सरस्वतीलाई नीलसरस्वती भनिन्छ । यस ठाउँमा श्रीपञ्चमीको अघिल्लो दिन सरस्वतीलाई तेल घस्न विद्यार्थीको भीड लाग्दछ । बौद्ध धर्मावलम्बीले पनि सरस्वतीलाई बोधिसत्व मञ्जुश्रीका रुपमा ज्ञानको प्रतीक मानेर पूजाआजा गर्छन् । यस दिन बिहानै भक्तिपूर्वक कलश स्थापना गरी पञ्चोपचारले गणेश, सूर्य, अग्नि, विष्णु, शिव आदि देवताको पूजा गरी सरस्वतीको पूजा गरिन्छ । सरस्वतीलाई नैवेद्यका रुपमा नौनी, दही, दूध, धानको लावा, तिलको लड्डु, नरिवलको जल, मूला, बयर, बेल, अदुवा अर्पण गरिन्छ । सरस्वतीलाई सेतो रङ्ग, फूल, चन्दन, शङ्खआदि प्रिय लाग्ने भएकाले आजका दिन पूजामा यी सामग्री चढाउने गरिन्छ। पूजापछि सरस्वतीको ध्यान र 'श्रीं ह्रीं सरस्वत्यै स्वाहा' मन्त्र जप गरिन्छ। यो मन्त्रलाई विद्या, बुद्धि र सौभाग्य प्रदायक मानिन्छ । यसपछि सरस्वती कवच पाठ गरिन्छ।

# प्रेम आचार्यको निधनप्रति सिके राउतको आक्रोश : अरब क्रान्ति जस्तो नहोस्



टक नेपाल, काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले प्रेम आचार्यले गरेको आत्मदाहलाई मोहम्मद बौउजीसँग तुलना गरेका छन्। मङ्गलवार दिउँसो नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि आफैँलाई आगो लगाएका आचार्यको मृत्युलाई बौउजीजीको आत्मदाहले ल्याएको अरब क्रान्ति जस्तै नेपालमा पनि क्रान्ति ल्याउने हो कि भन्ने चिन्ता व्यक्त गरेका छन्। डा. राउतले गरेर खान चाहने सोझासाझाहरूका लागि यो देश बाँच्नै नसक्ने सीमासम्म पुगेकै हो ? भन्दै प्रश्नसमेत गरेका छन्। उनले भनेका छन्, 'प्रेम आचार्यजीको आत्मदाह मोहम्मद बौउजीजीको आत्मदाहले ल्याएको अरब क्रान्ति जस्तै भ्रष्टाचार, नेता तन्त्र र कर्मचारीतन्त्रको विरुद्धमा नेपालमा क्रान्ति ल्याउने हो कि, भन्न सकिन्न तर गरेर खान चाहने सोझासाझाहरूका लागि यो देश बाँच्नै नसक्ने सीमासम्म पुगेकै हो ।' आचार्यले मङ्गलवार आफैँलाई आगो लगाएका थिए। उनको उपचारका क्रममा बुधबार मृत्यु भएको हो। प्रेम आचार्यजीको आत्मदाह मोहम्मद बौउजीजीको आत्मदाहले ल्याएको अरब क्रान्ति जस्तै भ्रष्टाचार, नेता तन्त्र र कर्मचारीतन्त्रको विरुद्धमा नेपालमा क्रान्ति ल्याउने हो कि, भन्न सकिन्न तर गरेर खान चाहने सोझासाझाहरूका लागि यो देश बाँच्नै नसक्ने सीमासम्म पुगेकै हो। *-श्रद्धाञ्जली*







सूचना । सूचना ।। सूचना ।।।

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

बर्दिबास-१४, महोत्तरी सम्पर्क: ०४४-५५०२५५, एम्बुलेन्स नं. ९८१२०८५६०४

**सेवा तथा सुविधाहरु:**

१. OPD सेवा – नि:शुल्क
२. LAB सेवामा – 25% छुट
३. X-Ray, USG, ECG, CT- SCAN सेवामा – 10% छुट
४. Whole Body चेकअपमा – 50% छुट
५. Pharmacy सेवामा – 10% छुट
६. Hospital Service सेवामा – 25% छुट
७. अप्रेशन सेवामा – 50% छुट (हाइड्रोसिल, हर्निया, पाईल्स)
८. NICU सेवामा – 25% छुट
९. आँखा र दाँत सेवामा – 25% छुट

**हाम्रा सेवाहरु:**

१. जेनरल फिजिसियन सेवा
२. ईमर्जेन्सी तथा General Practitioner सेवा
३. स्त्री रोग तथा प्रसुती सेवा
४. बाल तथा शिशु रोग सेवा
५. हाडजोर्नी तथा नशा रोग सेवा
६. नाक, कान तथा घाटी रोग सेवा
७. आँखा रोग सेवा
८. मुख तथा दाँत रोग सेवा
९. Normal Delivery तथा Surgery सेवा
१०. ICU तथा NICU सेवा



Note: (बाहिरबाट आउने डाक्टर) को सेवा बाहेक माथि उल्लेखित सेवा सुविधामा छुट हुनेछ।


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com